# "धरान उपमहा नगरपालिकाले उपलब्ध गराईएका सेवा" विषयक सार्वजनिक सुनुवाइ कार्यक्रम सम्पन्न

**धरान २३ स्थित छतिउन चौक पाँचकन्या सामुदायिम वनको प्राङ्गणमा मिति २०७२/१२/०५**





यही मिति २०७२चैत्र ५ गते शुक्रवारका दिन यही मिति २०७२/१२/०५ गते शुक्रवारका दिन धरान उपमहानगरपालिका वडा न २३ छतिउन चोक अन्तर्गत पाँचकन्या सामुदायिक वनको प्राङगणमा दिनको १२ बजेदेखि *"धरान उपमहानगरपालिकाबाट उपलब्ध गराइने सेवा"* विषयक सार्वजनिक सुनुवाइ कार्यक्रम धरान उपमहानगरपलिकाको आयोजना तथा महिला संजाल धरान उपमहानगर समितिको व्यवस्थापनमा सम्पन्न भयो। धरान उपमहा नगरपालिकाका कार्यकारी अधिकृत श्री टीकादत्त राईको अध्यक्षतामा विभिन्न सरोकारवाला निकायका प्रमुख तथा प्रतिनिधिहरु र नगर स्तरिय राजनीतिक संयन्त्रका प्रमुख तथा प्रतिनिधिहरुलाई अतिथि राखिएको यस

कार्यक्रममा राष्ट्रिय गानबाट सुरुवात गरिएको थियो। राष्ट्रिय गान पश्चात भेलामा उपस्थित सम्पुर्णलाई धरान उप महा नगरपालिकाका बरिष्ठ ईन्जिनियर श्री सूरज श्रेष्ठद्धारा स्वागत मन्तब्य राखिए पछि उक्त कार्यक्रममा नगरपालिकावाट उपलब्ध गराईदै आएको सेवा तथा सुविधाका वारेमा प्रशासकिय अधिकृत गणेशप्रसाद खतिवडावाट कार्यपत्र प्रस्तुत गरियो। कार्यक्रमलाई ब्यबस्थापनको जिम्मा लिएको साझेदार संस्था महिला संजाल धरान उपमहा नगर समितिवाट कार्यक्रममा सहजिकरण कार्य प्रारम्भ गरियो। अभियान नेपालका देव कार्कीवाट बहिर्गमन अभिमत (Exit Pool) तथा नागरिक अभिमत पत्रको प्रतिवेदन प्रस्तुत गरिएको थियो भने चेतना श्रेङगवाट आचार संहिता वाचन भएको थियो भने मंजु भण्डारी र सविता राईवाट कार्यत्रम संचालित भएको थियो ।

जिज्ञासा तथा सुझाव राख्ने महानुभावहरू

| **नामावली** | **उठाईएको विषय** | **जिज्ञासालाई प्रस्टयाउने प्रतिनिधि र प्रस्टयाईएको उत्तरहरु** |
|---|---|---|
| ईन्द्रमाया विश्वकर्मा | वार्षिक वजेट विनियोजन गर्दा ग्रामिणी क्षेत्रलाई प्राथमिकतामा राख्न आग्रह । | कार्यकारी अधिकृत टीकादत्त राई : नगरवासीहरुको चाहना र सहभागिताको योजनालाई प्राथमिकतामा राखी कार्यक्रमहरु समावेश गरिने र आएका सूझाव तथा सेवा प्रदायकवाट गर्नु पर्ने सुधारहरुलाई तत्काल लागू गर्दै जाने |
| नरेन्द्र किराती | विजुलीको विल तिर्न टाढा जान पर्ने हुँदा सरल सुलभ तरिकाको सिटि सवारीको ब्यबस्था नगरपालिकाले मिलाईदिन पर्ने आग्रह । | |
| रोहित राई | वहिर्गमन अभिमतको रिपोर्टमा अल्लेख गरिएको कर्मचारीको ब्यबहारमा के सत्य कुरा हो | वहिर्गमन अभिमत तथा exit pool को प्रतिवेदनले औल्याएका विषयहरुलाई समेत सुधार गर्दै जाने प्रतिवद्धता जाहेर । |
| हाङबहादुर भुजेल | दुर्गम वडाहरुको विकासकालागि नगरपालिकाको योजना कस्तो रहेको छ । | डम्पिङ साईडलाई ब्यबस्थित वनाउने र जथाभावी फोहर फाल्नलाई रोक लगाउने नगरपालिकाको नीति रहेको भएता पनि नगरवासीहरुले सडकको किनारमा जथाभावी फोहर फालि दिने कार्यले समस्या बढेको छ । |
| भुवन सिह वस्नेत | सौर्य वत्ती जडान कार्यमा धरान २३ मा पनि मिलाईदिनहुन कार्यालयलाई आग्रह | |
| विशाल राई | धरान २३ स्थित सडकको पेटी तथा सरसफाई कार्यमा नगरपालिका कार्यालयले कस्तो योजना वनाएको छ | सौर्य उर्जा जडानकालागि सम्वन्धित निकायमा प्रस्ताव पठाउने कार्य भएको र यसका लागि आग्रह अनुसार प्रस्तावमा समावेस गरी सम्वन्धित निकायमा पठाउन सकिने छ । |
| सर्मिला बिश्वकर्मा | महिला विकासकालागि शिपमुलक तालिम तथा कार्यक्रमहरुको ब्यबस्था नगरपालिकावाट मिलाउन आग्रह । | |

| | | |
|---|---|---|
| रमला तामाङ | महा भुकम्प आए पश्चात भवन मापदण्डले गर्दा थौरै जग्गाहुनेहरुले घर निर्माण गर्न असजिलो भएकाले | सुरज श्रेष्ठ : हालको घर निर्माण कार्यविधि नेपाल सरकारवाट पारित भएको र यो यस उप महानगरमा मात्र नभएर नेपाल भरीकै सम्पुर्ण निकायमा लागू भएको । |

| | | |
|---|---|---|
| लेखनाथ सुवेदी | नगरपालिकाले समाधान निकाल्न के गरि रहेको छ र नगरपालिकाको डम्पिङ साईड ब्यबस्थित गराउन सुझाव ।<br><br>घर निर्माण कार्यको प्रथम चरण ईजाजत दिई सके पछि दोश्रो चरणमा कार्य सम्पन्न ईजाजतमा किन रोक लगाईएको होला ? | घर निर्माणमा प्रथम चरणमा पेश भएको नक्सा डिजाईन र दोश्रो चरणको कार्य गर्दा फरक पर्न गएमा ईजाजतमा रोक लगाईने हूँदा प्रश्नकर्ताको हकमा के भएको छ फाईल हेरी सुझाव तथा सल्लाह दिन सकिने । |
| तुलसा कटुवाल<br><br>नरेन्द्र किराती | २०३५ साल भन्दा अगाडिको जन्म दर्ता तथा ब्यक्तिगत घट्ना दर्ताको प्रकृया सम्वन्धमा के कस्तो ब्यवस्था छ ।<br><br>जग्गापास लगायतका सिफारिस कार्यमा झन्जटिलो प्रकृया र ढिलो हुने गरेकोमा सुधार गर्न सुझाव । | गणेश प्रसाद खतिवडा : नगरपालिकावाट उपलब्ध गराईने सेवाको वारेमा नगरपालिकाको नागरिक वडापत्रमा ब्यबस्था गरिएको र २०३५ साल भन्दा अगाडिको घट्ना दर्ता नहुने तर प्रमाणित हुने भएकाले त्यसकालागि वडा समितिको सिफारिस उपमहा नगरपालिका कार्यालयवाट प्रमाणित गरिन्छ र त्यस्तो सेवा आफू स्थायी बसोवास गरेको ठाउँवाट प्राप्त हुन्छ ।<br><br>जग्गा सिफारिस लगाएतका कार्यमा सम्वन्धित पक्षले आवश्यक प्रमाण जुटाउने कागज सहितको निवेदन दिएमा नागरिक वडापत्रमा उल्लेख भए वमोजिमको समयमै सिफारिस उपलब्ध गराउने यदि समयमा उपलब्ध नभएमा क्षतीपर्ति समेत पाउने ब्यबस्था रहेको छ । |

वडा नागरिक मञ्च धरान २३ का संयोजक हेमचन्द्र सुवेदीले मञ्चका तर्फवाट मन्तब्य राख्दै उठेका सवाल तथा जिज्ञासाहरुलाई सम्वन्धित पक्षवाट समाधान गर्न सफल रहोस भन्ने शुभकामना दिदै नगरपालिकावाट प्रथम पटक कार्यालयको क्रियाकलापलाई विकेन्द्रिकरण गरी दुर्गम वडा तथा पहुँच भन्दा वाहिरका नगरवासी समक्ष यस्ता कार्यक्रम आगामी दिनहरुमा गर्दै जान सुझाव समेत प्रकट गर्नु भयो ।

भेलालाई थप प्रस्ट्याउने कार्य राजनीतिक दलका प्रतिनिधिहरुमा गौरव राई,डिल्लराम थापा,जुद्ध लोहनी, धनवहादुर तामाङ र तारा सुब्वा लगाएतका प्रतिनिधिहरुवाट पनि सम्वोधन गरिएको थियो । निवर्तमान अध्यक्ष श्री रमेश वस्नेतले भेलालाई सम्वोधन गर्दै पुर्व गा वि स समायोजन भए सँगै वडावासीहरुको विकासमा उपमहा नगरपालिकाले पुर्याएको सहयोगमा सहकार्य गर्न आफू सँधै तयार रहने कुरा प्रकट गर्नु भयो ।

उठाईएका सवालहरुमा सम्वन्धित पदाधिकारी तथा कर्मचारीहरुवाट प्रस्टयाउने र उत्तर दिने कार्य भयो जस्मा ईन्जिनियर सुरज श्रेष्ठ, प्रशासकिय अधिकृत गणेशप्रसाद खतिवडा,अन्तमा धरान उपमहा नगरपालिकाका कार्यकारी अधिकृत श्री टीकादत्त राईज्युवाट उपस्थित सम्पुर्ण सहभागीहरुलाई नगरपालिका कार्यालयको तर्फवाट उठाईएका सवाल तथा जिज्ञासाहरुको पनि उत्तर तथा सहजीकरण गर्दै नगरवासीको चाहना र ईच्छा वमोजिम नगरपालिका कार्यलय संचालन गर्ने र उक्त कार्यमा सवै नगरवासीहरुवाट सकारात्मक सहयोगको अपेक्षा रहेको मन्तब्य राख्दै वार्षिक रुपमा संचालन गरिएका सार्वजनिक सुनुवाई कार्यक्रममा उठाईएका सवाल तथा सुझावहरुलाई आगामी योजना तथा वार्षिक वजेटमा प्राथमिकता समेत दिने कुरा ब्यक्त गर्दै कार्यक्रम समापन गरिएको थियो ।

३६० जना भन्दा वढिको सहभागिता रहेको उक्त कार्यक्रममा २०० जना भन्दा वढी महिलाहरुको सहभागिता रहनु र विषेश गरी जनजाती समुदायको उल्लेख्य उपस्थिति रहनु र कार्यक्रमलाई महिलाहरुको सक्रिय सहभागिता साथै उपस्थित मध्ये करिव ४० जना सम्म प्रतिनिधिहरुले कार्यालयलाई आवश्यक सुझाव र जिज्ञासा राख्नु र सो विषयमा सम्वन्धित पक्षवाट सहजीकरण हुनु यस कार्यक्रमको सफलता मान्न सकिन्छ भने प्रत्यक्ष रुपमा नगरवासीहरुलाई परेका अप्ठारा काम र गुनासाहरु सम्वन्धित पदाधिकारी समक्ष राखी सुसुचित हुने अधिकार यस कार्यक्रमले उपलब्ध गराएको हुँदा नगरपालिकाकालगि यो कार्यक्रम फलदायी भएको निचोड तथा निस्कर्ष रहेको छ । प्रथम पटक कार्यालय भन्दा टाढाको क्षेत्रमा यो कार्यक्रम संचालन हुनु र पहुँच बाहिरका वासिन्दाले प्रत्यक्ष कुराकानी तथा सवाल जवाफमा सहभागी हुने अवसर पाउनु अर्को सफलता मान्न सकिन्छ । साथै निम्नतम सर्त कार्य सम्पादन तथा मुल्याङकनका लागि पनि यो कार्यक्रम अपरिहार्य भएकोछ ।यस कार्यक्रमको प्रत्यक्ष प्रसारणमा कृति च्यानलवाट प्रशारण र स्थानिय एफ एमवाट रेकर्डेट

समाचार समेत प्रशारणको ब्यबस्था मिलाईएको हुँदा अनुपस्थित नगरवासीहरुले घरमै वसेर समेत प्रत्यक्ष हेर्ने र सुन्ने अवसर मिलाईएकोमा आयोजक तथा ब्यबस्थापक पक्षले विगतको कार्यमा सुधार ल्याएको छ साथै धरान उपमहानगरवासीलाई प्रत्यक्ष सहभागी हुनकालागी विधुतिय माध्यमको प्रयोगका साथै स्थानीय मिडियामा सूचना प्रकाशन गरी नगरवासीहरुलाई सुसूचित गराईएको र कार्यक्रममा सहभागीहरु तथा निमन्त्रण गरिएका अतिथिहरुलाई बस्ने र खाजापानीको उचित ब्यबस्थापनहुनु कार्यक्रमको सकारात्मक पक्ष रहेको पाईन्छ ।

**निष्कर्ष**

- धरान नगरपालिका कार्यालयद्वारा जारी गरिएको नागरिक वडापत्र २०६३ संशोधन सहित २०६८ अनुसार नगरपालिकाबाट सेवा लिन चाहने सेवाग्राहीले नगरपालिकाबाट दिईने सेवा सुविधामा सार्वजनिक बहस मार्फत आज २०७२/१२/०५ गते सार्वजनिक सुनुवाई सम्पन्न गरियो ।
- नगरपालिकाबाट दिईने सेवा सुविधा ८ वट शाखाबाट ५० वटा विषयगत सुचीको जानकारी लिनेदिने कार्य भएको छ । विषयगत र सुची गत रूपमा व्यापक छलफल बहस केन्द्रित हुन नसके पनि केहि विषयमा जानकारी लिनेदिने कार्य भएकोछ ।
- यो छलफलमा २२ वटा भन्दा बढि सेवाग्राहीले सुविधामा भएको कमी कमजोरी माथि जिज्ञासा राखे काम भएको छ । भविष्यमा यस्ता कार्यक्रममा बढीभन्दा बढि सहभागिता गराउन सरोकारवाला सबैको दायित्व रहने प्रतिबद्धता जाहेर गरिएको छ ।
- महिला संजाल धरान नगर समितिको व्यवस्थापनमा भएको यो कार्यक्रमलाई सहज गरिदिनहुने नगरवासी, नगरपालिका, मिडियाकर्मी, संघ संस्थका प्रतिनिधिहरू सवै धन्यवादका पात्रहरू भएको अनुभूति गर्न सकिन्छ । भविष्यमा हुने यस्ता कार्यक्रममा सबै नगरवासीको सहयोगमा मात्र सम्पन्न हुने आजको निष्कर्षको विषय रहयो ।